# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) धनगढी, नेपाल, वैशाख ३ गते, २०८३ साल (संख्या १

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालयको
## सूचना

**सुदूरपश्चिम जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**



**प्रस्तावनाः** सुदूरपश्चिम जनता आवास कार्यक्रम कार्यान्वयनलाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

संघीय संसदले जारी गरेको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ३१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “अपाङ्गता भएका व्यक्ति” भन्नाले शारीरिक, बौद्धिक वा ईन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य सामान्य व्यक्ति सरह समान आधारमा सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

(ख) "अशक्त र असहाय व्यक्ति" भन्नाले आर्थिक रुपले विपन्न शारीरिक वा मानसिक रुपले श्रम गर्न अशक्त भएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको व्यक्ति सम्झनु पर्छ।

(ग) "आवास एकाइ" भन्नाले लाभग्राही घरधनीले पाउने शौचालय सहितको उपयुक्त सुरक्षित घर सम्झनु पर्छ।

(घ) "एकल महिला" भन्नाले सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेका, विधवा, न्यायिक पृथकीकरण गरी बसेका, लगातार बाह्र वर्षदेखि पतिको सम्पर्कमा नरहेका, लैंगिक हिंसामा परी विवाहित वा अविवाहित रुपमा एक्लो जीवन व्यतित गरिरहेका वा चालिस वर्ष उमेर पूरा भएका विवाह नगरेका महिला सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले जनता आवास कार्यक्रम तथा आवास सम्बन्धी अन्य कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले दफा १६ बमोजिम गठन भएको प्रदेश सभा निर्वाचन क्षेत्र कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्छ।



खण्ड १०) संख्या १, प्रदेश राजपत्र  भाग २ मिति २०८३।०१।०३

(छ) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको आवास सम्बन्धी विषय हेर्ने जिम्मेवारी प्राप्त कार्यालय सम्झनु पर्छ।

(ज) "जनता आवास" कार्यालयले स्वीकृत गरेको डिजाइनमा कार्यक्रमबाट निर्माण हुने आवास एकाइ सम्झनु पर्छ।

(झ) "नगरपालिका" भन्नाले उप-महानगरपालिकालाई समेत सम्झनु पर्छ।

(ञ) "निर्माण समिति" भन्नाले दफा १८ बमोजिमको निर्माण समिति सम्झनु पर्छ।

(ट) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनुपर्छ।

(ठ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश सरकारको भौतिक पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "लक्षित वर्ग" भन्नाले दफा ३ मा उल्लिखित वर्गलाई सम्झनु पर्छ।

(ढ) "लाभग्राही" भन्नाले दफा ६ बमोजिमको आधार र मापदण्डका आधारमा छनोट भएको लाभग्राही घरधनी सम्झनु पर्छ।

(ण) "विपन्न" भन्नाले आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपुग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त

खान, लाउन, बस्न, शिक्षा, स्वास्थ्य उपचार गराउन नपुग्ने, हातमा सिप र क्षमता नभएको, विपद्का कारणबाट समस्याग्रस्त जुनसुकै जातिका व्यक्ति वा परिवार सम्झनुपर्छ।

(त) "समन्वय समिति" भन्नाले दफा १४ बमोजिमको प्रदेश जनता आवास कार्यक्रम समन्वय समिति सम्झनु पर्छ।

(थ) "सुलभ शौचालय" भन्नाले कम्तीमा वाटरशिल प्यान भएको, दिशाजन्य लेदो व्यवस्थित रुपमा छुट्टै खाल्डोमा व्यवस्थापन गरिने शौचालय सम्झनु पर्छ।

## परिच्छेद-२

## लक्षित वर्ग तथा कार्यक्रम कार्यान्वयन स्थलको पहिचान

३. **लक्षित वर्गः** (१) यस कार्यक्रमका लक्षित वर्ग प्रदेशभित्रका आफ्नो वा आफ्नो परिवारको आयआर्जन, स्रोत वा प्रयासबाट सुरक्षित आवासको व्यवस्था गर्न असमर्थ देहायका घरपरिवारहरू रहने छन्:

(क) नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचय पत्र बाहक व्यक्ति,

(ख) खण्ड (क) बमोजिम परिचय पत्र प्राप्त गर्न छुट भएका तर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको





स्वामित्वमा घर नभएको र आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रबन्ध गर्न असमर्थ रहेको भनी पहिचान गरी सिफारिस गरेको व्यक्ति वा परिवार,

(ग) प्रचलित नेपाल कानूनले सूचीकृत गरेको सीमान्तकृत वर्ग, जाति वा समुदायका विपन्न घरपरिवार,

(घ) प्राकृतिक विपत्तिका कारण स्थायी रुपमा विस्थापित भई आफ्नो आवास आफै बनाउन असक्षम व्यक्ति तथा परिवार,

(ङ) मुक्त कमैया, कमलरी र हलिया,

(च) अशक्त असहाय व्यक्ति,

(छ) एकल महिला/ज्येष्ठ नागरिक/अपाङ्गता भएका व्यक्ति।

४. **सूचना प्रकाशन गर्नेः** कार्यालयले यस कार्यक्रमका लागि आवेदन पेस गर्न अनुसूची-१ को ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

५. **आवेदन पेस गर्नु पर्नेः** (१) दफा ३ मा उल्लिखित लक्षित समुदायका व्यक्तिले देहायका कागजात सहित अनुसूची-२ को ढाँचामा सूचनाको अवधिभित्र तोकिएको कार्यालयमा आवेदन पेस गर्नु पर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) विगतदेखि सो स्थानमा बसोबास गरी आएको भन्ने गाउँपालिका वा नगरपालिकाको सिफारिस वा स्थानीय प्रशासनले गरेको सर्जमिन मुचुल्का,

(ग) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो शुल्क बुझाएको भए सो सम्बन्धी कागजात,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्थाको विवरण,

(ङ) नेपाल सरकारबाट प्राप्त गरिब परिवार परिचय पत्रको प्रतिलिपि, वा

(च) मुक्त कमैया, कमलरी र हलियाको परिचय पत्रको प्रतिलिपि, वा

(छ) कुनै पनि परिचय पत्र नभएमा सम्बन्धित वडा कार्यालयद्वारा लाभग्राही पहिचान गरी सिफारिस गरिएको पत्रको प्रतिलिपि।

(२) आवेदन पेस गर्नका लागि तोकिएको कार्यालयले आवेदन सङ्कलन गरी एकमुष्टमा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय समक्ष पठाउनु पर्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले अघिल्ला आर्थिक वर्षमा जनता आवास कार्यक्रमका लागि रीतपूर्वक सङ्कलन गरेका आवेदनको प्रतीक्षा सूचीमा रहेका निवेदनहरूबाट समेत दफा ६ बमोजिम मूल्याङ्कन गरी छनोट गर्न सक्नेछ।





६. <u>लाभग्राही छनोटका आधार:</u> (१) दफा ५ बमोजिम प्राप्त निवेदनहरूको मूल्याङ्कन अनुसूची-३ मा उल्लिखित आधार मापदण्डका आधारमा छनोट गरिनेछ।

(२) उपदफा (१) बमोजिम गरिएको मूल्याङ्कनमा न्यूनतम ५० अङ्क प्राप्त गर्ने घरधनीहरू मध्येबाट उच्चतम अङ्क प्राप्त गर्ने घरधनीहरूलाई क्रमशः लाभग्राहीका रुपमा छनोट गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही छनोट गर्दा वृद्ध, एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरधनीलाई पहिलो प्राथमिकता दिइनेछ।

(५) सगोलमा रहेका परिवारले एक आवास मात्र पाउने छन्।

७. <u>कार्यक्रम कार्यान्वयन स्थल:</u> (१) यो कार्यक्रम आवश्यकता अनुसार प्रदेश भर जुनसुकै स्थानमा पनि कार्यान्वयन गर्न सकिनेछ।

तर, प्रदेशको वार्षिक विकास कार्यक्रममा कुनै विशेष क्षेत्र वा गाउँपालिका वा नगरपालिकाको नाम उल्लेख गरिएको भएमा सोही क्षेत्रमा कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

(२) साधारणतया पाँच लाभग्राही परिवार बसोबास भएको स्थान वा बस्तीमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

तर, पाँच भन्दा कम संख्यामा छरिएर बसोबास गरेका लक्षित वर्गका बस्तीमा कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन।

(३) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा सम्भव भएसम्म लक्षित वर्गको घर यथास्थानमा पुनःनिर्माण हुने गरी गरिनेछ।

तर, प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमाक्षेत्रमा परेको वा कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन।

## परिच्छेद-३
## कार्यान्वयन प्रक्रिया सम्बन्धी व्यवस्था

८. **आवासको डिजाइन नक्साः** (१) यस कार्यविधि बमोजिम पहिचान भएका लक्षित वर्गका लागि निर्माण गरिने आवास सम्बन्धित कार्यालयले डिजाइन स्वीकृत गरेको नक्सा बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित डिजाइन नक्साको कुल क्षेत्रफलमा फरक नपर्ने गरी उपलब्ध जग्गाको आकार अनुरुप संशोधन गर्न सकिनेछ।

(३) यस दफा बमोजिम बन्ने आवासमा सम्बन्धित व्यक्तिले स्वलगानीमा नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्डको अधीनमा रहि संरचना थप गर्न सक्नेछ।

९. **लागत व्यवस्थापनः** (१) यस कार्यविधि बमोजिम निर्माण गरिने आवासको प्रति आवास अधिकतम लागत देहाय बमोजिम हुनेछः

(क) हिमाली जिल्लाः बाजुरा, बझाङ र दार्चुला -रु. पाँच लाख ।



खण्ड १०) संख्या १, प्रदेश राजपत्र भाग २ मिति २०८३।०१।०३

(ख) पहाडी जिल्लाः डोटी, अछाम, बैतडी र डडेल्धुरा -रु. चार लाख पचास हजार।

(ग) तराईका जिल्लाः कैलाली र कञ्चनपुर -रु. चार लाख।

(२) उपदफा (१) मा उल्लिखित लागतमा कार्यालयबाट स्वीकृत डिजाइन बमोजिमको आवास निर्माणका लागि मन्त्रालयले गाउँपालिका वा नगरपालिका तथा अन्य विकास साझेदारहरूसँग वित्तीय तथा प्राविधिक सहकार्य गरी सक्नेछ।

(३) लाभग्राहीले प्राप्त गर्ने कुल अनुदान रकमको न्यूनतम १० प्रतिशत बराबरको लागत सहभागिता अनिवार्य रुपमा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको लागत सहभागिता श्रमदान, नगद वा निर्माण सामग्रीका रुपमा गर्न सकिनेछ।

१०. **कार्यान्वयन विधिः** (१) कार्यालयले यस कार्यविधि बमोजिम निर्माण गरिने आवासको कार्यान्वयनका लागि देहायका विधिहरू अवलम्बन गर्न सक्नेछः

(क) निर्माण समिति मार्फतः बस्ती (क्लष्टर) मिलेको स्थान भएमा सम्बन्धित लाभग्राही समुदायको सहभागितामा एक निर्माण समिति गठन गरी उक्त समिति मार्फत कार्यक्रम कार्यावन्वयन गर्न सकिनेछ।

(ख) सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फतः बस्ती (क्लष्टर) नमिलेको र निर्माण समिति गठन गर्न असम्भव भएमा

सम्बन्धित लाभग्राही र कार्यालयले तोकेको व्यक्तिको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने गरी भुक्तानीको व्यवस्था गरी सम्बन्धित लाभग्राहीले कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

तर, कार्यालयले आवासको मूल्याङ्कन कार्य सम्पन्न प्रतिवेदन तयार गर्न र बिल पास गर्ने कर्मचारीलाई खाता सञ्चालकको रुपमा तोक्न पाइने छैन।

११. **सम्झौता गर्नुपर्ने:** (१) कार्यालयले यस कार्यविधि बमोजिम छनोट भएका आवास निर्माणका लागि निर्माण समितिसँग अनुसूची-४ बमोजिम सम्झौता गर्नेछ।

(२) निर्माण समितिले छनोट भएका लाभग्राही व्यक्तिसँग अनुसूची-५ बमोजिम निर्माण सम्झौता गर्नेछ।

(३) निर्माण समिति नरहेको अवस्थामा सोझै लाभग्राही व्यक्तिबाट निर्माण गराउँदा अनुसूची-६ बमोजिम सम्झौता गर्नेछ।

(४) कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(५) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयबाट यस अगि सम्झौता भई कार्यान्वयनमा रहेका आवास निर्माण कार्यक्रमको अनुदान प्रक्रिया सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१२. **निर्माण सामग्री उपलब्ध गराउन सक्ने:** (१) आवास निर्माणका लागि आवश्यक पर्ने निर्माण सामग्री निर्माण समितिले र समिति गठन नभएको अवस्थामा लाभग्राही





आफैले खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सामग्री खरिद प्रक्रियामा कार्यालयले आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(३) लाभग्राही वा निर्माण समितले सामग्री खरिदका लागि कार्यालयलाई नै अनुरोध गरेमा तोकिए बमोजिमको अनुदान भित्र रही कार्यालयले त्यस्ता सामग्री उपलब्ध गराउनु पर्नेछ। यसरी कार्यालय आफैले निर्माण सामग्री उपलब्ध गराएको भए सो बापतको रकम कटाइ बाँकी रकम लाभग्राहीको बैंक खातामा उपलब्ध गराउनु पर्नेछ।

१३. **निर्माण सम्पन्न भएको मानिने:** लाभग्राहीले सम्झौता बमोजिम शौचालयसहितको आवास एकाइ निर्माण गरी कार्यालयबाट अन्तिम नापजाँच सम्पन्न भएपछि मात्र आवास निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

## परिच्छेद-४

## संरचनागत व्यवस्था

१४. **समन्वय समिति:** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्थापन र समन्वय गर्नका लागि प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश जनता आवास समन्वय समिति रहनेछः

(क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक

(ख) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(ग) सदस्य, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(च) सचिव, आर्थिक मामिला मन्त्रालय -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(झ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(ञ) आवास भवन तथा शहरी विकास महाशाखा प्रमुख, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य सचिव

(२) मन्त्रालयमा राज्यमन्त्री रहेमा निज जनता आवास समन्वय समितिको सदस्यको रुपमा रहनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित निकाय तथा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।





**१५.** **समन्वय समितिको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश जनता आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति, योजना तथा बजेट तर्जुमा गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय, शहरी विकास तथा भवन कार्यालय, प्रदेश सभा निर्वाचन क्षेत्र कार्यक्रम कार्यान्वयन समिति तथा निर्माण समितिहरूबिच आवश्यक समन्वय गर्ने,

(ग) प्रदेश सभा निर्वाचन क्षेत्र अनुसार निर्माण गरिने आवास एकाइको संख्या निर्धारण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा उत्पन्न भएका समस्या समाधान गर्ने तथा आवश्यक निर्देशन प्रदान गर्ने,

(ङ) कार्यक्रमको नियमित प्रगति अनुगमन तथा समीक्षा गर्ने,

(च) प्रति आवास एकाइ अनुदानमा संशोधन गर्न आवश्यक परेमा भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत आर्थिक मामिला मन्त्रालयको सहमति लिई प्रदेश सरकारसमक्ष प्रस्ताव पेस गर्ने,

(छ) कार्यक्रम लागु भएको क्षेत्रमा आवश्यक पर्ने पूर्वाधार विकासका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ज) आवश्यकता अनुसार अनुगमन उपसमिति गठन गरी कार्यक्रमको अनुगमन गर्ने वा गराउने, र

(झ) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने।

१६. <u>निर्वाचन क्षेत्र कार्यक्रम कार्यान्वयन समितिः</u> (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा देहाय बमोजिमको प्रदेश सभा निर्वाचन क्षेत्र कार्यक्रम कार्यान्वयन समिति रहनेछः

(क) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता नामावलीमा नाम रहेको समानुपातिक प्रदेश सभा सदस्य -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित क्षेत्रको गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य





(च) सम्बन्धित शहरी विकास तथा भवन कार्यालयका प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको संयोजकको अनुपस्थितिमा प्रदेश सभा सदस्यमध्ये जेष्ठ सदस्यले संयोजक भई कार्य गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिका लागि जिल्लामा कुनै प्रदेश सभा सदस्य नरहेको वा नभएको अवस्थामा प्रमुख जिल्ला अधिकारीले समितिको संयोजकको रुपमा कार्य गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित निकाय तथा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१७. <u>कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः (१) प्रदेश</u> सभा निर्वाचन क्षेत्र कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका सबै लक्षित वर्गलाई समेट्ने गरी उपयुक्त गाउँपालिका वा नगरपालिका छनोट गर्ने र सोको विवरण प्रदेश जनता आवास समन्वय समितिमा पठाउने,

(ख) कार्यक्रम लागु हुने गाउँपालिका वा नगरपालिकाबाट यस कार्यविधि बमोजिम लाभग्राही छनोट गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनमा संलग्न कार्यालय, निर्माण समिति तथा लाभग्राहीलाई आवश्यक सहयोग, समन्वय तथा निर्देशन प्रदान गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको क्रममा देखा परेका समस्या समाधान गर्ने,

(च) प्रदेश जनता आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने।

१८. **निर्माण समितिको गठनः** (१) कार्यक्रम कार्यान्वयनका लागि लाभग्राही परिवार भएको प्रत्येक बस्तीमा कार्यालयको रोहबरमा देहाय बमोजिमको एक निर्माण समिति गठन हुनेछः

(क) लाभग्राहीहरू मध्येबाट छनोट भएको एक जना व्यक्ति -संयोजक

(ख) लाभग्राहीहरू मध्येबाट छनोट भएका कम्तीमा एक जना महिला सहित सम्भव भएसम्म अल्पसंख्यक, सीमान्तकृत, दलित तथा पिछडिएको वर्गबाट कम्तीमा एक जना समावेश हुने गरी बढीमा चार जना -सदस्य

(ग) कार्यालयबाट खटाइएको प्राविधिक कर्मचारी -सदस्य सचिव।





(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम संयोजक र सदस्य छनोट हुन नसकेमा प्रदेश सभा निर्वाचन क्षेत्र कार्यक्रम कार्यान्वयन समितिले संयोजक तथा सदस्य छनोट गर्नेछ।

१९. **निर्माण समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यालयबाट प्राप्त निर्देशन, स्वीकृत सम्झौता, नापनक्सा, डिजाइन तथा स्पेसिफिकेशन बमोजिम आवास एकाइ निर्माण कार्य गर्ने वा गराउने,

(ख) आवास निर्माणका लागि आवश्यक निर्माण सामग्री प्राप्त गर्ने वा गराउने,

(ग) पूर्वाधार तथा आवास निर्माण सम्बन्धी विषयमा लाभग्राहीसँग आवश्यक सहमति कायम गर्ने,

(घ) कार्यक्रम बमोजिम लाभग्राहीलाई रकम उपलब्ध गराउने,

(ङ) निर्माण कार्यको गुणस्तर कायम गर्ने वा गराउने,

(च) लाभग्राहीले बेहोर्नु पर्ने लागत सहभागिता जुटाउने,

(छ) कार्यालयको प्रत्यक्ष निर्देशनमा निर्माण कार्य व्यवस्थित रुपमा सञ्चालन गर्ने,

स्वीकृत नापनक्सा बमोजिम आवास एकाइ निर्माण भए वा नभएको विषयमा जाँच गरी प्रत्येक किस्ताको भुक्तानीका लागि सिफारिस गर्ने।

२०. **मन्त्रालयको भूमिकाः** (१) कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन प्रदेश सरकारको मन्त्रालयले देहाय बमोजिमका कार्य गर्नेछः

(क) कार्यक्रम कार्यान्वयनमा संलग्न निकाय तथा तहहरूबिच आवश्यक समन्वय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

(ग) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको अवस्था बारे समन्वय समितिसमक्ष प्रतिवेदन पेस गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी प्रवाह गर्ने।

२१. **कार्यालयको भूमिकाः** (१) कार्यक्रम कार्यान्वयनका लागि कार्यालयले देहाय बमोजिमका कार्य गर्नेछः

(क) कार्यक्रम कार्यान्वयन गरिने स्थलको अध्ययन गरी उपलब्ध जग्गाको अवस्था अनुसार आवास एकाइ निर्माण कार्य कार्यान्वयन गराउने,

(ख) आवास एकाइ निर्माणका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,





(ग) निर्माणाधीन आवास एकाइहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाहरूसँग आवश्यक समन्वय गर्ने,

(ङ) कार्यक्रमको अद्यावधिक कार्यसम्बन्धी नापी किताब (मेजरमेन्ट बुक) राखी सोही आधारमा भुक्तानी गर्ने,

(च) कार्यक्रम सम्बन्धी जानकारी प्रवाह गरी लक्षित वर्गलाई परिचालन गर्ने,

(छ) कार्यक्रमको प्रगतिका आधारमा बजेट निकासा गर्ने,

(ज) निर्माण कार्यको प्रगति संकलन गरी मन्त्रालयमा प्रगति विवरण पठाउने।

## परिच्छेद-५
## विविध

२२. **अन्य कार्यक्रम कार्यान्वयन गर्न सकिनेः** (१) मन्त्रालयबाट सञ्चालन हुने यस कार्यक्रमसँग मेल खाने देहायका अन्य कार्यक्रम समेत यसै कार्यविधि बमोजिम कार्यान्वयन गर्न सकिनेछः

(क) प्रदेश जनता आवास कार्यक्रम,

(ख) विपन्न नागरिक आवास कार्यक्रम,

(ग) दलित विपन्नलाई आवास कार्यक्रम।

२३. <u>निर्देशन पालना गर्नुपर्ने:</u> प्रदेश जनता आवास कार्यान्वयन समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्नेछ।

२४. <u>तालिमको व्यवस्था:</u> मन्त्रालय वा कार्यालयले निर्माणमा संलग्न जनशक्तिलाई भूकम्प प्रतिरोधी आवास निर्माण प्रविधि र निर्माण सम्बन्धी अन्य विषयमा तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्नेछ।

२५. <u>विवादको समाधान</u>ः (१) कार्यक्रम कार्यान्वयन गराउने निकाय र निर्माण समिति वा लाभग्राहीहरूबिच कुनै विवाद उत्पन्न भएमा प्रदेश जनता आवास समन्वय समितिले विवाद समाधानका लागि सहजीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम विवादका पक्षबिच विवादका सम्बन्धमा सहमति नजुटेमा समन्वय समितिको निर्णय अन्तिम हुनेछ।

२६. <u>फरफारक हुने:</u> कुनै लाभग्राहीले विशेष कारणवश निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च प्रदेश जनता आवास समन्वय समितिको निर्णय बमोजिम फरफारक गर्न सकिनेछ।

२७. <u>स्वामित्व हस्तान्तरण गर्न नपाउने</u>ः लाभग्राहीको स्वामित्व हुनेगरी निर्माण सम्पन्न भएको आवास एकाइ समन्वय समितिको स्वीकृति नलिई बैंक, वित्तीय वा अन्य संस्थामा धितो बन्धक राखी ऋण लिन, बेचबिखन गर्न, भाडामा दिन वा अन्य व्यक्तिलाई स्वामित्व हस्तान्तरण गर्न वा कुनै पनि प्रकारले हक छोड्न पाइने छैन।





तर प्रचलित कानून बमोजिमको अंशियारका बिचमा अंशबण्डा गर्न र निजको शेषपछि निजको हकवालाको नाममा नामसारी दाखिल खारेज वा अपुताली वा अन्य कुनै व्यहोराले स्वामित्व हस्तान्तरण गर्न बाधा पर्ने छैन।

२८. <u>कारबाही हुने</u>ः जनता आवास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेस गरेमा वा त्यस्तो बेहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

२९. <u>दोहोरो सुविधा नपाउने</u>ः नेपाल सरकारबाट भूकम्प पुनः निर्माण प्रकोप व्यवस्थापन वा जोखिम बस्ती स्थानान्तरण तथा जनता आवास कार्यक्रम जस्ता कार्यक्रमहरू र प्रदेश सरकार, अन्य दातृ निकायबाट विभिन्न कार्यक्रमहरू मार्फत आवास निर्माण/मर्मत लगायतका कार्यक्रमहरूबाट लाभान्वित लाभग्राहीहरूलाई यस कार्यविधि बमोजिम दोहोरो पर्ने गरी अनुदान उपलब्ध गराइने छैन।

तर, दफा ९ को उपदफा (२) बमोजिम साझेदारी गर्न बाधा पर्ने छैन।

३०. <u>प्रचलित कानून बमोजिम हुने</u>ः यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. <u>खारेजी र बचाउ:</u> (१) सुदूरपश्चिम प्रदेश, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) सुदूरपश्चिम प्रदेश, जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।





**अनुसूची-१**

*(दफा ४ सँग सम्बन्धित)*

| नेपालको निशान छाप | **सूचनाको ढाँचा**<br>**सुदूरपश्चिम प्रदेश**<br>**भौतिक पूर्वाधार विकास मन्त्रालय**<br>**शहरी विकास तथा भवन कार्यालय**<br>**. . . . . . . . .  जिल्लाको नाम/स्थानको नाम** | प्रदेश सरकारको लोगो |
|---|---|---|

**विषयः- जनता आवास कार्यक्रमको लाभग्राही छनोटका लागि आवेदन दिने सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मितिः २०८. ./. . ./. . .)

प्रस्तुत विषयमा यस प्रदेश अन्तर्गतका विपन्न, सीमान्तकृत वर्ग, विपद् प्रभावित पिडित, नागरिकहरूलाई उपयुक्त सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले चालु आर्थिक वर्ष २०८. ./. . /. . को लागि "जनता आवास कार्यक्रम" सञ्चालन गरिएको छ।
उक्त कार्यक्रममा सहभागी भई आवास निर्माण अनुदान प्राप्त गर्न चाहने तपसिल बमोजिमको योग्यता पुगेका यस प्रदेश भित्रका स्थायी नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले . . . दिनभित्र आफू बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा रीतपूर्वक जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| आवश्यक न्यूनतम योग्यताः | पेस गर्नुपर्ने कागजातहरूः |
|---|---|
| १. निवेदक यस प्रदेशको स्थायी बासिन्दा हुनुपर्ने। | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। |
| २. नेपाल सरकार, प्रदेश सरकार र दातृ निकायबाट यस अघी आवास सुविधा नलिएको हुनुपर्ने। | २. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि। |
| ३. परिवारमा कुनैपनि सदस्यको सुरक्षित बस्न योग्य पक्की घर नभएको हुनुपर्ने। | ३. विपन्न वर्ग पहिचान गर्न सकिने प्रमाणः गरिब परिवार, मुक्त कमैया, कमलरी, हलिया पहिचान परिचय पत्र। |
| ४. लक्षित वर्गः विपन्न, सीमान्तकृत वर्ग, विपद् प्रभावित पिडित, अपाङ्गता भएका नागरिक। | ४. विपद् पीडित भए सो खुल्ने प्रहरी प्रतिवेदन वा गाउँपालिका वा नगरपालिकाको सिफारिस। |
| | ५. हाल बसोबास गरिरहेको कच्ची घर/टहराको अगाडि, पछाडि पूरा देखिने फोटो। |

**कार्यालय प्रमुख**





## अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**श्रीमान् कार्यालय प्रमुखज्यू,**
**श्री . . . . . . . . . . . . . . . . . कार्यालय**
. . . . . . . . ।

**विषयः जनता आवास कार्यक्रममा समावेश गरी पाउँ।**

प्रस्तुत सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकारद्वारा सञ्चालित "जनता आवास कार्यक्रम" अन्तर्गत म एक विपन्न/सीमान्तकृत वर्ग/विपद् प्रभावित नागरिक एवम् यस कार्यक्रमको लागि लक्षित वर्ग भएकोले मेरो र मेरो परिवारको नाममा नेपाल राष्ट्रभर बस्न योग्य सुरक्षित घर नभएको हुँदा, मेरो आफ्नै जग्गामा/भोगचलन गरिरहेको जग्गामा सुरक्षित आवास निर्माणका लागि तोकिएको अनुदान रकम उपलब्ध गराइदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेस गरेको छु।

१. **निवेदकको विवरणः**

- नाम थरः ................................................
- बाबु/पतिको नामः ................................................
- नागरिकता नं. ................... जारी जिल्लाः .................
- सम्पर्क नं. ................................................
- स्थायी ठेगानाः जिल्लाः............., स्थानीय तहः ............, वडा नं. ............, टोलः .............

२. **पारिवारिक तथा आर्थिक स्थितिः**

- परिवार संख्याः ..........., (महिलाः........, पुरुषः.........., बालबालिकाः...........)
- लक्षित वर्ग (कुनै एकमा (√) लगाउनुहोस्)ः [ ] विपन्न [ ] सीमान्तकृत वर्ग [ ] विपद् पिडित [ ] मुक्त कमैया [ ] कमलरी [ ] हलिया [ ] अशक्त असहाय [ ] अपाङ्गताभएका व्यक्ति [ ] एकल महिला/पुरुष [ ] ज्येष्ठ नागरिक
- हालको आवासको अवस्थाः [ ] घर नभएको [ ] फुसको छाना/कच्ची/ भाडामा

३. **जग्गाको विवरण ( घर बनाउने स्थान)ः**

- जग्गाधनीको नामः ...............................................
- कित्ता नं. .....................
- क्षेत्रफलः .........................

४. **बैंक खाता विवरण (भएमा)ः**

- बैंकको नामः ................................................
- खाता नम्बरः ................................................

५. **स्वघोषणाः** माथि उल्लिखित विवरणहरू ठिक साँचो हुन्। मेरो वा मेरो परिवारको नाममा नेपाल राज्यभर अन्य कुनै बस्न योग्य पक्की घर छैन। यदि विवरण झुटो ठहरिएमा कानून बमोजिम सहुँला/बुझाउँला।

६. **संलग्न कागजातहरूः**

- नागरिकताको प्रतिलिपि
- जग्गाधनीपूर्जाको प्रतिलिपि





- हालको घर/अवस्था झल्किने फोटो
- अन्य सिफारिसहरू

आवेदकको दस्तखतः

मितिः २०८.../..../....

**(कार्यालय प्रयोजनको लागि मात्रः)**

दर्ता नं. ......... दर्ता मितिः ........... बुझ्ने कर्मचारीको सहीः..............

## अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**मुल्याङ्कनका आधार मापदण्डहरू**

**लाभग्राहीहरू छनोटका आधारहरू**

| क्र.सं. | विवरण | दिइने अंक | कैफियत |
|---|---|---|---|
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | ३० भन्दा कमलाई -१०<br>३० देखि ६० सम्म -५<br>६० भन्दा बढी -० | |
| २. | हालको उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति व्यक्ति वर्गफिटमा | ६० भन्दा कम -१०<br>६० देखि १०० सम्म -५<br>१०० भन्दा बढी - ० | |
| ३. | घरभित्रको भुईं | माटो -१०<br>इट्टा ढुङ्गा आदि -५<br>सिमेन्ट -० | जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढी क्षेत्रफल भएकालाई अंक दिने |





| | | | |
|---|---|---|---|
| ४. | घरको गारो | बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो भकारी आदिमा माटोले पोतेको तथा काठ/फ्ल्याक, काचो इट्टामा माटोको जोर्नी - ५<br>मिलेको ढुङ्गाको गारो तथा पाकेको इट्टामा माटो/सिमेन्टको जोर्नी -० | ५०% सम्ममा जे छ त्यसैलाई मान्ने |
| ५. | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट, आदि-१०<br>खपटा, टायल, टिन -५<br>ढलान र कर्कटपाता -० | आसवेटस छाना स्वास्थ्यका लागि हानिकारक छ। |
| ६. | घरबस्तीमा साधारणतया ५ घर भए, नभएको | भएको -१०<br>नभएको -० | तर डोम अति सिमान्तकृत तथा लोपोन्मुख जातिको घर जति संख्यामा भए पनि -१० |

| | | | |
|---|---|---|---|
| ७. | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँ ब्लक (स्वामित्व पाउन सकिने) वा गाउँपालिका वा नगरपालिकाको सिफारिस (स्वबासी र विवादरहित) -१०<br>नदी ताल किनारामा बसोबास गरेको -० | |
| ८. | खेतीयोग्य जग्गा | अन्यत्र जग्गा नभएको-१०<br>अन्यत्र जग्गा भएको - ० | |
| ९. | घरमूलीको हकमा | अति विपन्न, असहाय, अशक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएको -१०<br>अन्य -० | |
| १०. | रोजगारीको अवस्था | एक जना मात्र ज्यालादारी गर्ने व्यक्तिमा आश्रित परिवार -१०<br>अन्य -० | |
| ११. | सार्वजनिक निर्माण कार्यले गर्दा विस्थापित विपन्न परिवार | आफ्नो वा सगोलको अन्य परिवारका नाममा अन्यत्र अर्को घर वा जग्गामा नभएको -१०<br>भएको - ० | |





**अनुसूची-४**

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**सम्झौता पत्रको ढाँचा**

भौतिक पूर्वाधार विकास मन्त्रालय

शहरी विकास तथा भवन कार्यालय ....................

जनता आवास कार्यक्रम

................................ **कार्यालय र निर्माण समिति बिचको**

**सम्झौता पत्र**

१. सम्झौता गर्ने पक्षहरूः ....................कार्यालय र श्री ................... निर्माण समिति

२. कार्यक्रमः कार्यक्रम अन्तर्गत आवास एकाइ निर्माण गर्ने

३. कार्यक्रम स्थलः जिल्ला ...............गाउँपालिका/नगरपालिका ............... वडा नं. ...............

४. टोल/गाउँ...............

५. निर्माण गर्ने कुल आवास एकाइ

६. कार्यक्रमको लागतः-

(क) कार्यक्रमले व्यहोर्ने रकम ...............................

(ख) लाभग्राहीले व्यहोर्ने रकम ...............................

७. कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधिः

क) शुरु हुने मिति : २० ......../............/............

ख) सम्पन्न हुने मितिः २० ......../............/............

८. खर्च व्यहोर्ने श्रोतः

क) कार्यक्रमबाट व्यहोर्ने :

१) नगद रु. ...............................

२) निर्माण सामग्री ...............................

ख) लाभग्राहीबाट ब्यहोरिने रकम :

१) नगद रु. ......................................

२) निर्माण सामग्री ................................

३) श्रम (मूल्यमा) ................................

४) कुल रकम ....................................

९. निर्माण समितिको नाम/ठेगाना ................................

१०. निर्माण समितिका पदाधिकारीहरू :-

| | | |
|---|---|---|
| क) | श्री ................................... | - संयोजक |
| ख) | श्री ................................ | - सदस्य |
| ग) | श्री ................................ | - सदस्य |
| घ) | श्री ................................ | - सदस्य |
| ङ) | श्री ................................ | - सदस्य सचिव |

११. सम्झौताका सर्तहरू :

(क) नापनक्सा तथा स्वीकृत लागत अनुमान र कार्यालयबाट तोकिएको गुणस्तर अनुसार निर्माण समितिले निर्माण कार्य गराउने छ।

(ख) निर्माण समितिले शहरी विकास तथा भवन कार्यालयबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा लाभग्राहीलाई भुक्तानी दिने प्रयोजनमा मात्र प्रयोग गर्नु पर्नेछ।

(ग) निर्माण समितिले हरेक किस्ताको कामको मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरू समितिको बैठकबाट अनुमोदन गराई शहरी विकास तथा भवन कार्यालयमा भुक्तानीका लागि पेस गर्नु पर्नेछ।





(घ) निर्माण समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी शहरी विकास तथा भवन कार्यालयमा समेत पेसगर्नुपर्नेछ।

१२. भुक्तानीको ढाँचा

(क) निर्माण समितिको नाममा रहेको खातामा ४ किस्तामा रकम उपलब्ध गराइनेछ। आवास निर्माण सम्पन्न नभए सम्म खाता सञ्चालन निर्माण समितिको संयोजक वा सोझै रकम प्राप्त गर्ने लाभग्राही र सम्बन्धित शहरी विकास तथा भवन कार्यालयले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(ख) स्वीकृत डिजाइन र लागत अनुमान निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्यक्रम सम्पन्न भएपछि सम्बन्धितको खातामा २५% रकम उपलब्ध गराइनेछ।

(ग) प्लिन्थ वा (डि.पि.सि.) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ३०% रकम उपलब्ध गराइने छ।

(घ) गारो तयार भएपछि थप ३५% सम्बन्धितको खातामा रकम उपलब्ध गराइनेछ।

(ङ) छाना तथा झ्याल ढोका र शौचालयको निर्माण कार्य सम्पन्न भएपछि बाँकी १०% सम्बन्धितको खातामा रकम उपलब्ध गराइनेछ।

(च) भुक्तानी दिँदा उपलब्ध गराएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिइनेछ।

**सम्झौताका पक्षहरूः**

| | |
|---|---|
| निर्माण समितिको तर्फबाट | शहरी विकास तथा भवन |
| संयोजक वा लाभग्राहीको | कार्यालयको तर्फबाट |
| नामः | कार्यक्रम प्रतिनिधिको |
| ठेगानाः | नामः |
| दस्तखतः | ठेगानाः |
| मितिः | दस्तखतः |
| साक्षीः | मितिः |
| श्री ........................ | साक्षीः |
| | श्री ........................... |





**अनुसूची-५**

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**निर्माण समिति र लाभग्राहीको बिच गरिने सम्झौताको ढाँचा**

१. सम्झौता गरिने पक्षहरू.................... निर्माण समिति र ......................... लाभग्राही।

२. कार्यक्रम स्थलः जिल्ला ...............................
गाउँपालिका/नगरपालिका ................ वडा नं..............

३. उद्देश्य : आवास निर्माण

४. कुल लागतः............... (लाभग्राहीको सहभागिता बापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधि :
   (क) शुरु हुने मिति : २० ......../............/............
   (ख) सम्पन्न हुने मितिः २० ......../............/............

६. खर्च व्यहोर्ने श्रोत : निर्माण समितिले शहरी विकास तथा भवन कार्यालयसँग गरेको सम्झौता बमोजिम हुनेछ।

७. सम्झौताका सर्तहरूः
   (क) स्वीकृत नाप नक्सा अनुसारको आवास निर्माण गरिनेछ।
   (ख) लागत सहभागिता बापत कम्तीमा सुलभ शौचालय निर्माण गर्नुपर्नेछ।
   (ग) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले बेहोर्नु पर्नेछ।

८. सम्झौताका पक्षहरू

| निर्माण समितिको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| संयोजक | लाभग्राहीको नाम |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| साक्षीः | साक्षीः |

१) श्री शहरी विकास तथा भवन कार्यालय
प्रतिनिधि श्री ................................





**अनुसूची-६**

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

**<u>शहरी विकास तथा भवन कार्यालय र सोझै रकम प्राप्त गर्ने लाभग्राही बिचको सम्झौता</u>**

१. सम्झौता गर्ने पक्षहरू...................... र .....................

२. कार्यक्रम स्थलः-जिल्ला............ गाउँपालिका/नगरपालिकाः- .................. वडा नं. ......

३. उद्देश्यः आवास निर्माण

४. कुल लागत : ..................(लाभग्राहीको सहभागिता बापतको अंश समेत)

५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधिः
   (क) शुरु हुने मिति : २० ......../............/............
   (ख) सम्पन्न हुने मितिः २० ......../............/............

६. खर्च व्यहोर्ने श्रोतः
   (क) कार्यक्रमबाट व्यहोर्ने :
      १) नगद रु. ................................
      २) निर्माण सामग्री ................................
   (ख) लाभग्राहीबाट व्यहोरिने रकम :
      १) नगद रु. ...............................
      २) निर्माण सामग्री ................................
      ३) श्रम (मूल्यमा) ................................
      ४) कुल रकम ................................

७. भुक्तानीको ढाँचाः
   (क) लाभग्राहीलाई आवास निर्माण रकम जम्मा ४ किस्तामा उपलब्ध गराइनेछ। आवास निर्माण सम्पन्न नभएसम्म

सम्बन्धित शहरी विकास तथा भवन कार्यालयले तोकेको कर्मचारीले निर्माण कार्यको रेखदेख तथा निर्माण कार्यको प्रगति प्रमाणित गर्नेछ।

(ख) स्वीकृत डिजाइन र लागत अनुमान निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खन्ने कार्यक्रम सम्पन्न भएपछि सम्बन्धितको खातामा २५% रकम उपलब्ध गराइनेछ।

(ग) प्लिन्थ वा (डि.पि.सि.) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा थप ३०% रकम उपलब्ध गराइनेछ।

(घ) गारो तयार भएपछि थप ३५% सम्बन्धितको खातामा रकम उपलब्ध गराइनेछ।

(ङ) छाना तथा झ्याल ढोका र शौचालयको निर्माण कार्य सम्पन्न भएपछि बाँकी १०% सम्बन्धितको खातामा रकम उपलब्ध गराइनेछ।

(च) भुक्तानी दिँदा उपलब्ध गराएका निर्माण सामग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिइनेछ।

८. सम्झौताका सर्तहरू:

(क) स्वीकृत नाप नक्सा अनुसारको आवास निर्माण गरिनेछ।

(ख) लागत सहभागिता बापत कम्तीमा सुलभ शौचालय निर्माण गर्नुपर्नेछ।

(ग) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरू भत्काउने र सो बापत लाग्ने खर्च लाभग्राहीले बेहोर्नु पर्नेछ।





९. सम्झौताका पक्षहरू:

| शहरी विकास तथा भवन कार्यालयको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| कार्यक्रम प्रतिनिधिः | लाभग्राहीको नामः |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| साक्षीः<br>१) ..... | साक्षीः<br>१) ..... |

**आज्ञाले,**

**विष्णु भण्डारी**

**प्रदेश सरकारको सचिव।**



मुद्रकः आन्तरिक मामिला तथा कानून मन्त्रालय, धनगढी, कैलाली। मूल्यः रु. १५।-